मर्स्याङ्दी गाउँपालिकाको ७२ औ बैठकको निर्णयहरु ( मितिः २०७७/०८/१५)

**निर्णय नं. १**

आ.व. २०७७/७८ मा यस मर्स्याङ्दी गाउँपालिका अन्तर्गत रहेका निम्न योजनाहरुको बोलपत्र आह्वान गर्ने निर्णय गयिो ।

| क्र:स. | योजनाको नाम | वडा नं. |
|---|---|---|
| १ | मर्स्याङ्दी आधारभुत अस्पताल | ७ |
| २ | भुस्मे ,भुलभुले ,रिन्टाङ खानेपानी | ८ |
| ३ | सिम्पानीखानेपानी | ९ |

**निर्णय नं. २**

मर्स्याङ्दी गाउँपालिकाको लागि आवस्यक पर्ने निम्न कार्यविधि मस्यौदा निर्माण गर्ने निर्णय गरियो ।

१) आम ठेक्का वन्दोवस्ती सम्वन्धी कार्यविधि
२) ब्याजमा अनुदानदिने सम्बन्धी कार्यविधि
३) वातावरण संरक्षण र प्राकृतिक सोत सम्बन्धी कार्यविधि
४) कृषि सामग्रीवितरण सम्बन्धी कार्यविधि
५) संस्थादर्ता सम्बन्धी कार्यविधि
६) हेभी भेहिकल सञ्चालन सम्बन्धी कार्यविधि
७) जलस्रोत समिति गठन सम्वन्धी कार्यविधि
८) व्यवसायदर्ता सम्बन्धी कार्यविधि
९) टोलविकास संस्था सञ्चालन कार्यविधि
१०) जलश्रोतको उपयोग तथा व्यवस्थापन सम्बन्धी कार्यविधि,
११) घर नक्शापास सम्बन्धी कार्यविधि

**निर्णय नं. ३**

मर्स्याङ्दी गाउँपालिका भित्रका निम्न दुई विद्यालयहरुलाई सशर्त वजेट शिक्षा तर्फवाट वजेट व्यवस्थापन गर्ने निर्णय गरियो ।

| क्र.सं. | विद्यालयको नाम | वडा नं. |
|---|---|---|
| १ | धर्मभक्त आ.वि. | मर्स्याङ्दी -८, भुस्मे |
| २ | सुर्य प्रा.वि. | मर्स्याङ्दी - ५, वडाल विसौना |

**निर्णय नं. ४**

मर्स्याङ्दी गाउँपालिकाभित्रको शान्ति सुरक्षालाई थप सुद्धिढ वनाउनको लागि सरोकारवालाहरुसंग अन्तरक्रिया, छलफल र समन्वयगर्दै यस गाउँपालिकाको वडा नं. ४ जगतमा प्रहरी चौकी स्थापना गर्ने निर्णय गरियो ।

**निर्णय नं. ५**

मिति२०७७/०७ /१४ मा बसेको स्थानिय शिक्षा समितिको बैठकले मर्स्याङ्दी गाउँपालिका भित्र रहेका सम्पुर्ण सामुदायिक विद्यालयहरुमा विद्यालय व्यवस्थापन समिति गठन गर्ने निर्णयलाई अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ६**

मर्स्याङ्दी गाउँपालिकाद्धारा गठन गरिएका तपसिल बमोजिमका सञ्जालहरुको पुर्नगठन गर्ने निर्णय गरियो ।

१)महिला सञ्जाल
२)युवा सञ्जाल
३) कृषि सञ्जाल
४) जेष्ठ नागरिक सञ्जाल
५) बाल सञ्जाल
६) अपाङ्ग सञ्जाल

**निर्णय नं. ७**

यस मर्स्याङ्दी गाउँपालिकालाई कार्यक्षेत्र बनाई क्रियाशिल विभिन्न संघ संस्थाहरुलाई थप व्यवस्थित र चुस्त दुरुस्त राख्नको लागि आवश्यक नियमन, अनुगमन र सहजीकरण गर्ने र आवश्यक कार्यविधि निर्माण गर्ने निर्णय गरियो ।

**निर्णय नं. ८**

मर्स्याङ्दी गाउँपालिकाभित्र गठन हुने कृषक समुहको गठन, दर्ता,पुर्नगठन, खारेजी एवम् व्यवस्थापन कार्यविधि स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. ९**

मर्स्याङदी गाउँपालिका भित्रबाट बहने प्राकृतिक सम्पदाको रुपमा रहेका नदीहरुको बिभिन्न घाटहरुबाट ढुङ्गा, बालुवा निकाल्नको लागि प्रारम्भिक IEE प्रतिवेदन आवस्यक पर्ने भएकाले सो सम्वन्धी कार्य अगाडि वढाउन पालिकाको ७० औं बैठकबाट निर्णय गरी सम्झौता गरिएको काठमाडौ स्थित ग्रिन डिसिजन कन्सल्टेन्सीले तयार गरेको संक्षिप्त प्रारम्भिक वातावरणीय प्रतिवेदन स्विकृत गर्ने निर्णय गरियो ।

**निर्णय नं. १०**

कृषक समुह गठन/पुनर्गठन र व्यवस्थापन सम्बन्धी तयार गरिएको कार्यविधि स्विकृत गरि कार्यान्वयन गर्ने निर्णय गरियो ।

**निर्णय नं. ११**
नेपाल दुर सञ्चार संस्थानलाई गाउँपालिका भरिका मोबाईल टावरहरुको स्थलगत अध्ययन गरि आवश्यक स्तरन्नोति गर्नका लागि आग्रह गर्ने र आवश्यक प्रक्रिया अगाडि बढाउने निर्णय गरियो ।

**निर्णय नं. १२**
यस पालिकामा अबदेखि निर्माण हुने स्थायी/अस्थायी संरचनाको अनिवार्य रुपमा घर नक्शापास गरेर मात्रनिर्माण कार्य प्रारम्भ गर्नुपर्ने निर्णय गरियो ।

**निर्णय नं. १३**
आ. व.२०७७/७८ को पहिलो चौमासिक आयव्यय अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १४**
यही मङ्सिर १९ गते गाउँपालिका स्तरिय लैङ्गिक हिँसा सम्बन्धि जनचेतना कार्यक्रम आयोजना गर्ने निर्णय गरियो ।

**निर्णय नं. १५**
गरिबी निवारणका लागि लघु उद्यम विकास कार्यक्रमका लागि स्थानिय उद्यम विकास समितिले मिति २०७७/०८/१४ मा बसेको बैठकको निर्णय गरि पेश गरेको आ व २०७७/७८ को वार्षीक कार्ययोजना सम्बन्धी सिफारिस अनुमोदन गर्ने निर्णय गरियो ।

**निर्णय नं. १६**
मर्स्याङ्दी गाउँपालिकाको १० शैयाको अस्पताल निमार्णको लागि आवश्यक DPR बनाउनको लागि माग भएका प्रस्तावहरु मुल्याङ्कनका लागि गठित समितिबाट प्राप्त भएका विभिन्न परामर्शदाताहरुले पेश गरेका प्रस्तावहरुको मुल्याङ्कन गर्दा Head Light Pvt Ltd को सवैभन्दा बढी ९२.२७ अंक प्राप्त गरेको देखियो । सार्वजनिक खरिद ऐनको दफा ३५ एवंम् सार्वजनिक खरिद नियामावलीको नियमको ८१ को उपनियम (४) अनुसार उक्त कम्पनीलाई कार्यादेश दिनको लागि प्रमुख प्रशासकिय अधिकृत सोही समितिमा भएकोले स्विकृति गरी अनुमोदन गर्ने निर्णय गरियो ।

१७.आ.व २०७७/७८ मा कृषि तथा पशिपन्छी विकास मन्त्रालयवाट यस मर्स्याङ्दी गाउँपालिकामा ससर्त वित्तीय हस्तान्तरन मार्फत पठाईएको लागत साझेदारीमा भेडा संरक्षण कार्यक्रमको बजेट रकम रु(९,९०,०००।-) नौ लाख नब्बे हजार मात्र रहेकोमा स्थानिय तहवाट ब्यहोर्नुपर्ने साझेदारी रकम रु(९,९०,०००।-) लाभग्राहीले मात्र साझेदारी गरि कार्यक्रम सन्चालन गरिने निर्णय गरियो ।